जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १७४ २०७८ साल माघ २६ गते बुधवार (9 Feb. 2022 Wednesday) मूल्य रु. ५/-

सार्वजनिक पद र जिम्मेवारीमा रहेका व्यक्तिहरुले शक्तिको दुरुपयोग गरी गर्ने गैरकानूनी आर्जन भ्रष्टाचार हो ।

भ्रष्टाचार विरुद्ध सचेत होऔं । भ्रष्टाचार भएको शंका लागेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचनका लागि आवश्यक... ३ पृष्ठमा : खेलकुद विधालाई मुलुकको ... ३ पृष्ठमानेटोले युक्रेनलाई हतियार.

# कला र संस्कृतीलाई राजनीतिबाट अलग राख्नुपर्छ : वक्ताहरु




**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

कला र साँस्कृतिक क्षेत्रलाई राजनीतिबाट अलग राख्नु पर्ने मंगलबार राजविराजमा आयोजित एक कार्यक्रमका सहभागि वक्ताहरुले जोड दिएका छन् ।

चलचित्र तथा लोकसंचार प्रवर्द्धन बोर्ड मधेश प्रदेश जनकपुरले राजविराजमा आयोजना गरेको मधेश प्रदेश चलचित्र सम्बन्धी पूर्वाधारको विकास सम्बन्धमा गोष्ठी तथा चलचित्रकर्मीहरुको तथ्याङ्क संकलन कार्यक्रममा सहभागि वक्ताहरुले सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा बोल्दै समाजवादी साँस्कृतिक महासंघ सप्तरीकी उपाध्यक्ष रमिला साहले कला क्षेत्रलाई बलियो बनाउन राजनीतिबाट मुक्त गर्नुपर्ने धारणा राखिन् । उनले कलाको कुनै सीमा र क्षेत्र नभएको भन्दै भन्दै कलाकारहरु पनि राजनीतिक पार्टीबाट मुक्त हुनुपर्ने बताइन् ।

त्यस्तै लेखक एवं रंगकर्मी रबिन्द्र रबिले कला क्षेत्रको विकासका लागि सिकाई र तालिम उपलब्ध गराउनु पर्नेमा जोड दिदै यसका लागि सम्बन्धीत विषयको शिक्षक संस्था स्थापना गर्नुपर्ने आवश्यक रहेको बताए ।

कवियत्री करुणा झाले कलाकार र यस क्षेत्रमा लागेकाहरुको अवस्था अहिले पनि दयनिय रहेको भन्दै उनीहरुका लागि विमा र अन्य सुविधा उपलब्ध गराउनु पर्नेमा जोड दिइन् । बोर्डकी सदस्य पुष्पा यादवले मधेश प्रदेशको कला सँस्कृतिलाई विश्व समुदायसँग पुऱ्याउनका लागि पहिले आफू संस्थागत हुनु जरुरी रहेको बताइन् ।

बोर्डका सदस्य बैधनाथ कर्मी पटेलको अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा बोर्डका अर्का सदस्य अशोक दत्त, कलाकर्मी निराजन मेहता, समाजवादी साँस्कृतिक महासंघ सप्तरीका अध्यक्ष भुषण सिंहलगायतले पनि मधेश प्रदेशमा चलचित्र कला र साँस्कृति क्षेत्रको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र उत्थानका लागि गर्नुपर्ने कामहरु बारे विचार व्यक्त गरेका थिए ।

# कमल थापाद्वारा राप्रपा परित्याग



**दैनिक समाचारदाता**
**काठमाडौं, २५ माघ ।**

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कमल थापाले पार्टीबाट त्याग गरेको घोषणा गरेका छन् ।

पार्टीका निवर्तमान अध्यक्ष समेत रहेका नेता थापाले मंगलबार हेटौँडामा आयोजित पत्रकार सम्मेलनमा पार्टी परित्याग गरेको घोषणा गरेका हुन् ।

उनले पार्टीभित्र देखा पर्न थालेको सैद्धान्तिक विचलन तथा गलत प्रवृतिलाई सुधार गरेर क्रियाशील राजनीतिक जीवन पार्टीभित्रै बिताउने चाहना रहँदा रहँदै पनि आफ्नो कुराको सुनुवाइ नहुने भएपछि पार्टी परित्याग गरेको बताए ।




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# श्रमिक अस्पतालका लागि अध्ययन टोली गठन

काठमाडौँ, २५ माघ (रासस)। सरकारले श्रमिक अस्पताल निर्माणका लागि पहल थालेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अस्पताल निर्माणको अवधारणापत्र स्वीकृत गरी अस्पताल निर्माणको सम्भाव्यता अध्ययन टोली गरेको छ। मन्त्रालयका श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा प्रमुख शेषनारायण पौडेलको संयोजकत्वमा गठन गरिएको सम्भाव्यता अध्ययन टोलीले अस्पताल सञ्चालनका लागि मानवीय, भौतिक, आर्थिक तथा व्यवस्थापकीय स्रोत साधन, सञ्चालन मोडालिटीलगायत पक्षबारे अध्ययन गर्ने बताइएको छ।

टोलीमा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका महानिर्देशक, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधिका साथै संयुक्त ट्रेड युनियन महासङ्घका प्रतिनिधि हुनुहुन्छ।

मुलुकको आर्थिक विकास र समृद्धिका आधारका रुपमा रहेका लाखौँ श्रमिकलाई भरपर्दो र सर्वसुलभ स्वास्थ्य उपचारको व्यवस्था मिलाउन अस्पताल निर्माण गर्न लागिएको मन्त्री श्रेष्ठको भनाइ छ।

आन्तरिक रोजगारीमा रहेका श्रमिक तथा उनीहरूको परिवारका सदस्यका लागि कार्यस्थल दुर्घटना, मातृत्व संरक्षण, बिरामी हुँदा औषधि उपचार सुविधा उपलब्ध गराउने, पेसागत कारणले लाग्ने रोगको रोकथामका लागि अनुसन्धान, निदान एवं उपचार गर्न विशेषज्ञ अस्पताल विकास गर्ने, योगदानमा आधारिक सामाजिक सुरक्षा कार्यक्रमले उपलब्ध गराउने श्रमिकको स्वास्थ्य उपचारसम्बन्धी व्यवस्था कार्यान्वयन गराउनुका साथै वैदेशिक रोजगारीबाट फर्केका श्रमिक तथा उनीहरुको परिवारका सदस्यका लागि सहुलियतमा उपचार सेवा उपलब्ध गराउने अस्पताल सञ्चालनको उद्देश्यमा उल्लेख छ।

# निर्वाचनका लागि आवश्यक सामग्री उपलब्ध गराउन पत्रचार

काठमाडौँ, २५ माघ (रासस)। आसन्न स्थानीय तहको निर्वाचनका सन्दर्भमा आवश्यक पर्ने भवन, परिवहनका साधन, फर्निचर वा अन्य भौतिक साधनको अवस्था तथा व्यवस्थापनका सन्दर्भमा सबै स्थानीय तहसँग विवरण मागका लागि समन्वय गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत पत्राचार गरिएको छ।

निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनपर्ने व्यवस्था छ। आयोगले निर्वाचनको काम सञ्चालन गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था वा स्थानीय तहको जग्गा, भवन, परिवहनका साधन फर्निचर वा अन्य जुनसुकै भौतिक साधन पूर्वसूचना दिई आवश्यकताअनुसार प्राप्त गरी प्रयोग गर्न सक्नेछ।

कुनै सार्वजनिक संस्था वा निकाय वा सामुदायिक वा निजी विद्यालय वा महाविद्यालयको जग्गा, भवन वा अन्य भौतिक साधन पूर्वसूचना दिई आवश्यकताअनुसार प्राप्त गरी प्रयोग गर्न सक्ने व्यवस्था गरेको आयोग प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो। आसन्न स्थानीय तह तथा जिल्ला समन्वय समितिको निर्वाचनको सञ्चालन तथा व्यवस्थापन गर्ने प्रयोजनार्थ करिब दुई महिना अवधिका लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना र सञ्चालन गर्न ७५३ वटै स्थानीय तहलाई पछि फरक नपर्ने गरी तयार गर्न लगाइ उक्त विवरण एकीकृत गरी माघ मसान्तभित्र अनिवार्य रुपमा आयोगमा उपलब्ध अनुरोध गरिएको छ।

मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि कार्यालय सञ्चालनका लागि सम्बन्धित स्थानीय तहबाटै कम्तीमा एक/एक थान चालु अवस्थाको डेस्कटप कम्प्युटर, ल्यापटप, स्क्यानर र प्रिन्टर उपलब्ध हुने गरी व्यवस्थापन गरिदिन पनि आयोगले सबै स्थानीय तहलाई पत्राचार गर्न मन्त्रालयलाई अनुरोध गरेको छ। जिल्ला सदरमुकाममा रहेको स्थानीय तहमा मुख्य निर्वाचन अधिकृतको कार्यालय र अन्य सबै स्थानीय तहको केन्द्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्न नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा स्थानीय तह वा कुनै सार्वजनिक संस्था वा निकाय वा सामुदायिक विद्यालयको स्वामित्वमा रहेका कम्तीमा तीन वटा भवनको संक्षिप्त विवरण उपलब्ध गराउन पनि भनिएको छ।

सार्वजनिक भवन उपलब्ध नभई भाडामा लिनुपर्ने भएमा सम्भावित निजी भवनको विवरण र भुक्तानी गर्नुपर्ने अनुमानित मासिक भाडा रकम पनि खोलेर पठाउन तथा स्थानीय तह निर्वाचन २०७४ मा आयोगबाट उपलब्ध गराइएका ल्यापटप तथा प्रिन्टरहरुको विवरण पनि उपलब्ध गराउन आयोगले भनेको छ।

# तीन लाख राखी सुरु भयो निःशुल्क गुर्जो सेवा कोष

काठमाडौँ, २५ माघ (रासस)। नेपालमा कोरोना भाइरसका सङ्क्रमित भेटिएदेखि निःशुल्क गुर्जो वितरण अभियानमा लाग्नुभएका कमलबहादुर राजलवटले निःशुल्क गुर्जो सेवा कोषको स्थापना गर्नुभएको छ।

परिवारका सदस्यकोसमेत सहयोगमा स्थापना गरिएको कोषमा रु तीन लाख जम्मा गरेर अभियानको नयाँ चरण सुरु गरिएको उहाँले जानकारी दिनुभयो। कोषमा शेयरमा गरेको लगानीबाट प्राप्त मुनाफा, माछा, मासु, मादकपदार्थजस्ता खाद्य सामग्रीको सेवन नगरी त्यसमा खर्च हुने अनुमानित रकम, घर, जग्गा, खेतबारीको प्रयोगबाट प्राप्त आम्दानी, आफ्नो तथा परिवारको तलब भत्ताको निश्चित् प्रतिशत रकम, आफ्ना घरपरिवारका सदस्यले स्वेच्छाले प्रदान गर्ने रकम, जडीबुटीको उत्पादन गरी त्यसको बेचबिखनबाट प्राप्त हुने रकम र भविष्यमा यस्तै किसिमले उत्पादन, बचत तथा सिर्जना गरिएका कामबाट आउने रकम पनि यो कोषमा राख्न लागिएको राजलवटले जानकारी दिनुभयो।

हाल निरन्तर गरिँदै आएको निःशुल्क गुर्जो सेवालाई देशभर प्रभावकारी रुपमा विस्तार गर्न कोषको स्थापना गरिएको जनाइएको छ। आन्तरिक राजस्व कार्यालय धुलिखेलको प्रमुख कर अधिकृतका रुपमा कार्यरत राजलवटले विसं २०७६ चैतदेखि निरन्तर गुर्जोका बिरुवा र यसबाट बनेको धुला एवं चिया वितरण गर्दै आउनुभएको छ। कोषबाट गुर्जोलगायतका जडीबुटीजन्य बेर्नाको उत्पादनमा समेत सहयोग हुनेछ।

कोषमा छोरा काव्य राजलवटको व्रतबन्धको भोजबाट रकम बचाएरसमेत सहयोग गरिएको उहाँले बताउनुभयो। माघको तेस्रो साता गरिएको व्रतबन्धका क्रममा कोरोना महामारीका कारण आफन्त एवं साथीभाइ बोलाउन नसकिएकाले त्यो रकमसमेत जम्मा गरिएको हो। विलासिता एवं भोजभतेरमा खर्च हुने रकमसमेत गुर्जो कोषमा राखिने जनाइएको छ।

गुर्जो चिया तथा गुर्जोसहितको धुलो औषधिको सेवालाई अझै प्रभावकारी बनाउन तथा सेवालाई अझै व्यापकता र निरन्तरता दिन आफैले स्वअनुशासन अन्तर्गत कोष खडा गरेको उहाँले बताउनुभयो। कोषमा परिवारका सदस्यबाहेक अरुको सहयोग नलिने नीति लिइएको छ। हाल गुर्जो, तुलसी, असुरो, लेमनग्रास, कटीपत्ता, ज्वानो, मेथी, दालचिनी, तेजपात, हर्रो, बर्रो, अमला, ल्वाङ, अलैँची, टिमुर, मरिच, सुठो, बेसार, पिपला, अपमार्ग, सनइँपत्ता, निपोध, निम, चिराइतो, बकाइनो, जेठीमधु, वायुविरिङ, चुत्रो, नागरमोथी, सुन्तलाबोक्रा, अनारबोक्रा, लज्जावती, पुनःनभा, अम्बापात, पारिजात पात, आँप पात, बर पात, पिपल, मेवा पात, बोझो, तितेपाती, रुदिलो, कालोजिरा, बेलपात, माझिम फल, जङ्गे हर्रो, सिमल फुल, पुदिना, ठूलो ओखती, अर्जुन छाल, धनियाँ, ब्राह्मी, कोइरालो, खयर, सयपत्री, गोदावरी गरी ५६ वटा जडीबुटीबाट बनेको धुलो बनाएर वितरण गर्ने गरिएको छ।

# आइपिओ जारी गर्दै राष्ट्र उत्थान लघुवित्त

काठमाडौँ, २५ माघ (रासस)। राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्थाले सर्वसाधारणका लागि साधारण शेयर बिक्री खुला गर्ने भएको छ। कम्पनीले प्रतिकित्ता रु एक सय अङ्कित मूल्यमा रु आठ करोड ५० लाख मूल्य बराबरको आठ लाख ५० हजार कित्ता प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ)को बिक्री खुला गर्न लागेको हो।

कम्पनीले निष्काशन गर्ने साधारण शेयरमा कुल निष्काशनको पाँच प्रतिशत अर्थात् ४२ हजार ५०० कित्ता सामूहिक लगानी कोषलाई बाँडफाँड गरिएको र जारी पूँजी (रु २६ करोड)को शून्य दशमलव पाँच प्रतिशत अर्थात् १३ हजार कित्ता शेयर कर्मचारीलाई सुरक्षित गरी बाँकी रहने सात लाख ९५ हजार ५०० कित्ता शेयर खरिदका लागि सर्वसाधारणले आगामी फागुन ४ गतेदेखि आवेदन दिन पाउने कम्पनीले जारी गरेको आह्वान पत्रमा उल्लेख छ।

सर्वसाधारणले फागुन ८ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम एक हजार कित्तासम्मका लागि आवेदन दिन सक्नेछन् र सो अवधिसम्म माग गरिए बमोजिम आवेदन नआए आगामी फागुन १८ सम्म निष्काशन खुला रहने कम्पनीले जनाएको छ।

सर्वसाधारणले नेपाल धितोपत्र बोर्डबाट सिआस्वा सुविधा प्रदान गर्न अनुमति पाएका बैंक तथा वित्तीय संस्था र तिनका शाखा कार्यालयका साथै अनलाइनमार्फत 'मेरोशेयर' प्रयोग गरेर पनि शेयर खरिदका लागि आवेदन दिन सकिने कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा एनआईबिएल एस क्यापिटल लिमिटेडले जनाएको छ।

कम्पनीको पूँजीको संरचनामा अधिकृत पूँजी रु ५० करोड र हालको जारी पूँजी रु २६ करोड तथा चुक्तापूँजी रु १७ करोड ५० लाख छ। विवरणपत्रमा पर्नेत सर्वसाधारणलाई खरिदका लागि खुला गरेको साधारण शेयरको बाँडफाँड पश्चात कम्पनीको चुक्ता पूँजी रु २६ करोड पुग्नेछ। धितोपत्रको सार्वजनिक निष्कासन गर्दा क्रेडिट रेटिङ गर्नुपर्ने व्यवस्थाअनुसार रेटिङ गर्दा इक्रा नेपालले कम्पनीलाई 'इक्राएनपी आईआर बीबी' ग्रेडिङ प्रदान गरेको छ। रेटिङ अनुसार कम्पनीको हालको अवस्था वित्तीय दायित्व वहन गर्ने क्षमतामा मध्यम जोखिम रहेको भन्ने बुझिन्छ।

# सर्लाहीमा आलु उत्पादन घट्यो

सर्लाही, २५ माघ (रासस)। गत वर्षका तुलनामा जिल्लामा आलु उत्पादनमा कमी आएको छ। जिल्लाको उत्तर-पश्चिम भेगमा व्यावसायिक आलुखेती गर्दै आएका किसानले समयमै रासायनिक मल नपाउँदा आलु उत्पादनमा दोब्बरले कमी आएको बताएको छ।

बरहथवा नगरपालिका-१ हजरियाका किसान रामकुमार नेपाल भन्नुभयो ,"विगतका वर्ष पनि आलु उत्पादन कमै भएको थियो। समयमा मल नपाउँदा यसवर्ष पनि झन् कमी आयो। उत्पादित आलुले बजार समेत पाएको छैन।" प्रतिकिलो रु २५ देखि ३० मा बीउ किनेर रोपेको आलु अहिले रु १५ मा बिक्री गर्नुपरेको उहाँले गुनासो गर्नुभयो।

भारतबाट सस्तो मूल्यका आलु नेपाली बजारमा भित्रिएकाले स्वदेशी उत्पादनले भाउ नपाएको यहाँका किसानको गुनासो छ।

किसानले आलु व्यापारीलाई प्रतिकिलो रु१६ मा खेतबाटै बिक्री गरिरहेका छन्। बागमती नगरपालिका- ६ राजघाटका किसान पनिलाल रामले भन्नुभयो, "आलु लगाउने समयमा युरिया मलको अभाव भयो।"

जिल्लाको बरशथवाको हजरिया, राजघाट, बरहथवा, मानपुर, शङ्करपुरलगायत क्षेत्रमा व्यावसायिक आलुखेती हुने गरेको

*बाँकी अन्तिम पृष्ठमा*

विवाह गर्न नगरौं हतार, जरुरी छ शिक्षा र संस्कार।

बीस वर्ष पुगेपछि मात्र विवाह गरौं र गराऔं। उमेर नपुगि गरेको विवाह सामाजिक र कानुनी अपराध हो।

त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानुनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# खेलकुद विधालाई मुलुकको सम्बन्ध विस्तारसँग जोड्ने प्रयास

काठमाडौं, २५ माघ (रासस)।

सरकारले मुलुकको पहिचान अभिवृद्धि र सम्बन्ध विस्तारलाई खेलकुद विधासँग जोडेर लैजाने सोच अघि सारेको छ। स्वच्छ, व्यावसायिक र प्रविधिमैत्री खेलकुद विकास र विस्तार गर्ने सोचका साथ स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गरी अन्तर्राष्ट्रिय जगतमा राष्ट्रको सम्मान अभिवृद्धि गर्दै पहिचान स्थापित गर्ने लक्ष्य राखिएको छ।

युवा तथा खेलकुद मन्त्रालयका सचिव डा दामोदर शर्माले खेलकुदलाई राष्ट्रिय एकता सुदृढ तुल्याउने र अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय पहिचान स्थापित गर्ने प्रमुख माध्यमकारूपमा विकास र विस्तार गर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्दै अघि बढाइने बताउनुभयो। उहाँले भन्नुभयो, "खेल विधा एउटा क्रियाकलाप मात्र होइन, राष्ट्रियता र राष्ट्रिय एकता प्रवर्द्धन गर्ने, देशप्रति लगाव एवं अरु देशसँग सम्बन्ध विस्तार गर्ने औजार हो।"

विश्वव्यापी मूल्य, मान्यता र प्रविधिको संयोजनबाट नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनका माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धिलगायतका लक्ष्य हासिल गर्न स्थानीय तहदेखि नै खेलकुदको संस्थागत विकास गर्न विभिन्न कार्ययोजना बनाएर मन्त्रालय अघि बढेको छ। व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकासमा खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ।

विश्वका प्रत्येक राष्ट्र खेलकै माध्यमबाट क्षेत्रीय र अन्तर्राष्ट्रिय समुदायसँग जोडिदै आएको र नेपाल पनि अन्तर्राष्ट्रिय तथा आफ्नै मौलिक खेल विधाद्वारा विशिष्टता हासिल गरिरहेको सचिव रेग्मीले उल्लेख गर्नुभयो। विश्वका चर्चित खेल फुटबल, भलिबल, क्रिकेट, जुडो, कराते, तेक्वान्दोमा समेत मुलुकको पहिचान स्थापित गरेको नेपालले पर्वतीय सहासिक खेल विधामा अरुका सामु अब्बल सावित गरिसकेको छ।

एक-अर्का देशबीचको सम्बन्धलाई दर्बिलो तुल्याउने माध्यमका रूपमा रहेका खेलकुद विधाका माध्यमबाट सम्बन्ध विस्तार गर्न र देशको श्रीवृद्धिका लागि परराष्ट्र, अर्थ, युवा तथा खेलकुद मन्त्रालय, खेलकुद परिषद्, खेल सङ्घ, खेलाडी, प्रशिक्षकको महत्वपूर्ण भूमिका रहनेछ। नेपालले हाल खेलकुद विधाकै माध्यमबाट दक्षिण एशियाली क्षेत्रीय सहयोग सङगठन (सार्क) तथा अरु एशियाली मुलुकसहित अन्तर्राष्ट्रिय जगतमा देशको झण्डा फहराउने र राष्ट्रियगान घन्काउँदै आएको छ।

तत्तत् देशका खेलाडी स्वयं, मन्त्रालय-मन्त्रालय, खेलकुद परिषद, विषयगत खेलकुद सङ्घ, समर्थक क्लब (फ्यानक्लब), समर्थक, प्रशिक्षकबाट पनि त्यत्तिकै अग्रसरता र चासोले विश्व खेलकुद क्षेत्रका नवीनतम् अभ्यास भित्रचाउन तथा खेल क्षेत्रबाट आर्थिक समृद्धि हासिल गर्न र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्न योगदान पुग्ने सचिव रेग्मी बताउनुहुन्छ।

विश्वका कयौं मुलुकले खेलकुदकै माध्यमद्वारा पहिचान स्थापित गर्न सफल भएकाले नेपाललाई सागरमाथा र गौतमबुद्धका अतिरिक्त सहासिक खेलकुदका माध्यमबाट पनि परिचय स्थापित गर्ने सम्भावना प्रशस्त रहेको तेक्वान्दो विधाका अन्तर्राष्ट्रिय प्रशिक्षक दीपेन्द्र ढकाल बताउहुन्छ। सरकारले खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्दै खेलकुद क्षेत्रलाई प्रतिस्पर्धी र व्यावसायिक तुल्याउन तथा सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्ने उद्देश्य राखेको छ। खेल क्षेत्रका विकास र विस्तारका लागि पूर्वशर्तका रूपमा खेलाडी पहिचान, पूर्वाधार विकास र प्रतिस्पर्धालाई लिँदै आएको छ। मन्त्रालयले एण्टिडोपिङ, म्याच फिक्सिङ तथा बल टेम्परिङजस्ता गैरकानुनी कार्यलाई निरुत्साहन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

प्रतिभावान खेलाडी पहिचान, खेलाडी प्रशिक्षक प्रोत्साहन र सामाजिक सुरक्षाको सुनिश्चिता, खेल सहर विकास, खेलकुद क्षेत्रलाई प्रवर्द्धन, व्यावसायिक र मैत्रीपूर्ण खेल प्रतियोगिता र खेल विशेष विज्ञता हासिल गरेका मुलुकसँगको सहकार्य र समझदारीलाई पनि मन्त्रालयले प्राथमिकतामा राखेको छ।

सरकारले प्रत्येक प्रदेशमा सुविधासम्पन्न रङ्गशालासहित खेलमैदान, उच्च भू-भागीय खेलकुद तालिम केन्द्र, सार्वजनिक-निजी साझेदारी खेल पूर्वाधार विकास, सङ्घसंस्था सुदृढीकरण, खेल शैक्षिक संस्था स्थापना र प्रतिष्ठान स्थापनालाई जोड दिँदै आएको छ।

# नेप्सेमा दोहोरो अंकको गिरावट

काठमाडौं, २५ माघ (रासस)।

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार दोहोरो अंकले ओरालो लागेको छ। आइतबार दोहोरो अंकले ओरालो लागेको बजार सोमबार उकालो लागेको थियो।

नेपाल स्टक एक्सचेञ्जका अनुसार कारोबार मापक नेप्से मंगलबार १६.३० अंकले ओरालो लागेर दुई हजार ८३५.५८ मा पुगेको छ। ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.८२ अंकले ओरालो लागेर ५३२.४९ मा ओर्लेको छ।

कारोबार मापक परिसूचक ओरालो लागे पनि कारोबार रकम भने मंगलबार सामान्य वृद्धि भएको छ। कूल २३० कम्पनीको एक करोड २० लाख ५३ हजार ७५१ कित्ता शेयर रु ६ अर्ब २८ करोड ७२ लाख १७ हजार ९८५ मूल्यमा खरिद बिक्री भए। मङ्गलबारको कारोबारपछि बजार पूँजीकरण रु ४० खर्ब सात अर्ब ७२ करोड ४१ लाख २० हजार बराबर रहेको छ।

कारोबार भएका १३ उपसमूहमध्ये मंगलबार पाँच उपसमूहको शेयर उकालो लागेको छ भने आठ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ। व्यापार २.६८, होटल तथा पर्यटन ३.७४, निर्जीवन बीमा ५६.२२, उत्पादन २७.५४ र सामूहिक लगानी कोष ०.०८ अंकले उकालो लागेको छ। बैंकिङ ६.४७, विकास बैंक ५१.२१, जलविद्युत् ५३.६५, वित्त ९.२, अन्य २.१, लघुवित्त ३५.३७, जीवन बीमा १६८.५४ र लगानी १.५२ अंकले ओरालो लाग्यो।

कारोबारका आधारमा मंगलबार अरुण भ्याली हाइड्रो पावर शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ३५ करोड ८५ लाख १२ हजार ४३२ बराबरको कारोबार भयो। अपि पावर कम्पनी रु ३३ करोड दुई लाख ८० हजार ९५९, नेपाल पूर्वाधार बैंक रु ३२ करोड ३३ लाख एक हजार ८६, माथिल्लो तामाकोशी रु ३२ करोड आठ लाख ५९८ र एचआईडिसिएल रु ३० करोड १२ लाख ५१ हजार ३५२ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार नेपाल इन्स्योरेन्स ३.८३, बुद्धभूमि नेपाल हाइड्रोपावर ३.४४, राष्ट्रिय बीमा कम्पनी २.९९, विन नेपाल लघुवित्त २.५६ र एनएमबी हाइब्रिड फण्ड एकका लगानीकर्ताले २.२७ प्रतिशतले कमाए। विलटी इनर्जी कम्पनी ६.२७, नेपाल हाइड्रो डेभलपर्स ५.१, बोटलर्स नेपाल तराई ३.९५, युनिभर्सल पावर कम्पनी ३.६३ र तेह्रथुम पावर कम्पनीका लगानीकर्ताले ३.२५ प्रतिशतले गुमाए।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र

सप्तरी, राजविराज

पत्र संख्या : २०७८/२०७९

**प्रस्ताव आवहानको सूचना।**

दोश्रो पटक प्रकाशित मिति : २०७८/१०/२५

प्रस्तुत बिषयमा यस ज्ञान केन्द्रको चालु आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम (पुष्प उत्पादन प्रविधि अबलम्बन सहयोग) कार्यक्रमको प्रथम पटक मिति २०७८/०६/११ को सूचना न. २.४ मा प्रस्ताव आवहानको सूचना निकाली प्रस्ताव संकलन गरि फिल्ड अनुगम र निरीक्षण गर्दा व्यवसायिक पुष्प खेतीमा संग्लग्न कृषक/संस्थाहरुले सूचना अनुसार रीत पुर्वक नपाइएकोले पुनः सूचना अनुसार प्रस्तावनामा आधारित तपसिल बमोजिमका कार्याक्रम संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक,कृषक समुह,कृषि सहकारी,दर्ता भएको जल उपभोक्ता समिति र कृषि उघमीहरुले माग गरिएको कागजात सहित फाइल माथि स्पस्ट खुलाई दोश्रो पटक प्रकाशित मितिले १० औ दिन (२०७८/११/०५) भित्र यस केन्द्रमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

<u>तपसिल</u>

कार्यक्रमको नाम : पुष्प उत्पादन प्रविधि अबलम्बन सहयोग
अधिकतम अनुदान : उत्पादन सामग्री ५०% र पुजीगत सामग्री ८५%
लक्षित सेवाग्राही : कृषक/कृषक समुह /कृषि सहकारी /दर्ता भएको जल उपभोक्ता समिति/ कृषि उधमी/कृषि फर्म/नर्सरी धनि

**पेश गर्दा चाहिने कागजातहरु :**

१.कृषि ज्ञान केन्द्रले तयार परेको निर्धारित ढाँचाको राम्ररी भरेको रु१० को टिकेट टाँसेको आवेदन फर्म।
२.स्थानिय निकायमा रहेको कृषि बिकास शाखा वा वडा कार्यालय सिफारिसपत्र।
३.संस्थाको पान न. को प्रमाणित प्रतिलिपि।
४.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
५.नागरिकता/लाइसेन्स/पास पोर्ट आदिको प्रमाणित प्रतिलिपि।
६.संस्थाको हकमा अध्यक्ष र सचिव/कोषाध्यक्षको नागरिकता तथा अन्य कागजातको प्रतिलिपि।
७.निवेदकको नाममा रहेको कम्तिमा ६ कठा क्षेत्रफल भएको धनीपुर्जाको फोटोकपी, लिजमा लिएको जग्गाको हकमा करारनामा पत्र ।
८.कम्तिमा ६ कठ्ठा मा पुष्प उत्पादन गरेको हुनु पर्ने छ।

राजेन्द्र प्रसाद साह
(दशौं तह)

नोट : प्रस्ताव स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ।एक वटा कृषक/संस्थाहरुले बढीमा दुई वटा भन्दा बढी प्रस्तावनाको लागि आवेदन दिन पाउने छैन।गत विगत दुई आ.व. भित्र कुनै विषयमा अनुदान पाई सकेको व्यक्ति/संस्था सोहि विषयमा पुनः अनुदान पाउने छैन।

## विश्व समाचार

# नेटोले युक्रेनलाई हतियार पठाइरहेको छ : राष्ट्रपति पुटिन

ताइवाने (ताइपेई), २५ माघ (रासस-एएनआई)।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले नेटो सदस्यले युक्रेनलाई हतियार प्रदान गर्दै उत्तेजित गर्ने काम जारी राखेको बताउँनु भएको छ। यो मुद्दामा फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनसँग छलफल गरिएको थियो।

"नेटो सदस्य राष्ट्ले युक्रेनलाई आधुनिक प्रकारका हतियार उपलब्ध गराउँदै युक्रेनी सेनाको आधुनिकीकरणका लागि महत्त्वपूर्ण वित्तीय स्रोत विनियोजन गरेका छन्। तिनीहरूले सैन्य विशेषज्ञ र प्रशिक्षक पठाएका छन्," पुटिनले रुसी-फ्रान्सेली वार्ता पछि पत्रकार सम्मेलनमा उक्त टिप्पणी गर्नुभएको छ।

"अवश्य पनि हामीले राष्ट्रपतिसँग सबै कुराको बारेमा कुरा गर्यौं, तपाइले देख्न सक्नुहुन्छ, धेरै लामो समयसम्म, लगभग छ घण्टासम्म छलफल भएको थियो," पुटिनले थप्नुभयो। किभले डोनवासको अवस्थाको शान्तिपूर्ण समाधानका लागि सबै सम्भावनालाई बेवास्ता गरेको छ र मिन्स्क सम्झौताको पालना गर्न किभले अस्वीकार गरेकोमा म्याक्रोनको ध्यानाकर्षण गराएँ, पुटिनले थप टिप्पणी गर्नुभयो।

"निस्सन्देह, मेरो पक्षको लागि, मैले मिन्स्क प्याकेज अन्तर्गतको उपाय र सम्झौताको नर्मन्डी ढाँचामा, शिखर सम्मेलनमा पुगेकासहितको दायित्व पालना गर्न वर्तमान किभ अधिकारीको अनिच्छाप्रति राष्ट्रपतिको ध्यानाकर्षण गराएको छु," पुटिनले भन्नुभयो

"हामी आशा गर्छौं कि राष्ट्रपतिले कम्तिमा आज भने जस्तै भोलि कीभ नेतृत्वसँगको बैठकमा युक्रेनी समझौताभित्र युरोपमा सुरक्षा र स्थायित्व सुनिश्चित गर्ने ग्यारेन्टीका मुद्दामा छलफल गर्न चाहन्छन्," पुटिनले भन्नुभयो। मंगलबार म्याक्रोनले युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँग भेट्न कीभ जाने योजना बनाउँनुभएको छ।

# सोमालियामा खडेरीका कारण भोकमरी भएको राष्ट्रसंघको भनाइ

मोगादिसु, २५ माघ (रासस/सिन्ह्वा)।

सोमालियामा भोकमरीका कारण ठूलो संख्याका नागरिकमा भोकमरी छाएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घले पछिल्लो समयमा यहाँ ठूलो भोकमरीका कारण कम्तीमा पनि ४३ लाख मानिस प्रभावित भएको जनाएको हो।

यहाँ अघिल्लो महिनामा नै ३२ लाख मानिसलाई भोकमरीले छोएको र यो महिना अरु मानिस थपिएको राष्ट्रसङ्घले जनाएको छ।

भोकमरीकै कारण खाना र पानी खोज्नका लागि दुई लाख ७१ हजार मानिस त आफ्नो घर छोडेरै हिँडेको तथ्याङ्क राष्ट्रसङ्घको मानवीय सहायतासम्बन्धी एजेन्सीले जनाएको छ।

यो जनसंख्याका लागि आवश्यक मात्रामा सहयोगका लागि पनि सो एजेन्सीले सबै विदेशी समुदायलाई आग्रह गरेको छ।

# भारतमा दैनिक संक्रमितको संख्या घट्ने क्रममा

नयाँ दिल्ली, २५ माघ (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या घट्न थालेको छ।

सङ्घीय स्वास्थ्य मन्त्रालयले मङगलबार बिहान सार्वजनिक गरेको विवरणअनुसार पछिल्लो २४ घण्टामा भारतमा ६७ हजार ५९७ सङ्क्रमित भएका छन्। यसैसँगै भारतमा कोरोनाका कुल सङ्क्रमितको संख्या चार करोड २३ लाख ३९ हजार ६११ पुगेको छ।

महामारीको तेस्रो चरण सुरु भएपछिको पछिल्लो एक महिनापछि दैनिक सङ्क्रमितको सङ्ख्या एक लाखभन्दा कम भएको सोमबार दोस्रो दिन हो। कोरोना भाइरसको नयाँ भेरियन्टको रुपमा देखिएको ओमिक्रोन फैलिन थालेपछि सङ्क्रमितको सङ्ख्या एकाएक बढेको थियो।

पछिल्लो एक दिनमा भारतमा कोरोनाकै कारणले मात्रै एक हजार १८८को मृत्यु भएको छ। यसैसँगै कोरोना शुरु भएयता हालसम्म पाँच लाख चार हजार ६२को मृत्यु भएको पनि समाचारमा जनाइएको छ।

सोही अवधिमा कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएकाको सङ्ख्या भने एक लाख ८० हजार ४५६ रहेको छ। यसैसँगै हालसम्म कोरोना भाइरसबाट चार करोड ८४ हजार ६५८ निको भएका छन्। एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या दोब्बरभन्दा बढी रहेको छ। त्यसैले सक्रिय सङ्क्रमितको सङ्ख्या पनि घट्दै गएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको कुल सङ्ख्या नौ लाख ९४ हजार ८९१ रहेको मन्त्रालयले जनाएको छ।

# खोपको विवरण पठाउन निर्देशन

काठमाडौं, २५ माघ (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भोलि बुधबारसम्म कोरोना भाइरसविरुद्धको खोपको विवरण उपलब्ध गराउन मातहतका निकायलाई निर्देशन दिएको छ।

कोभिड-१९ विरुद्धको खोप अभिलेख सम्बन्धमा गठित छानबिन समितिले तोकिएको समयसिमाभित्र केही जिल्ला र स्थानीय तहले विवरण नबुझाएकाले सो निर्देशन दिएको हो। छानबिन समितिले छ जिल्लाका स्वास्थ्य कार्यालय र १०९ स्थानीय तहलाई भोलिसम्म विवरण बुझाउन निर्देशन दिएको समितिका संयोजक डा गुणराज लोहनीले जानकारी दिनुभयो।

मन्त्रालयले खोपको एकीन तथ्याङ्क नभेटेपछि यही माघ १६ गते मन्त्रालयका प्रमुख विशेषज्ञ डा लोहनीको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो। यसअघि समितिले यही माघ २१ गतेभित्र स्वास्थ्य सेवा विभागको व्यवस्थापन महाशाखा, सातवटै प्रदेशको स्वस्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, ७७ वटै जिल्ला स्वास्थ्य कार्यालय, ७५३ वटै स्थानीय तहलाई खोपको मौज्दात र खोप लगाएका व्यक्तिको विवरण पठाउन निर्देशन दिएको थियो।

# प्रक्रिया पूरा गरेर विदेशमा अध्ययनका लागि जान गृह मन्त्रालयको आग्रह

काठमाडौं, २५ माघ (रासस)। गृह मन्त्रालयले वैदेशिक अध्ययनका लागि जाने विद्यार्थीले सम्बन्धित देश र उक्त देशका शैक्षिक संस्थाले निर्धारण गरेको प्रक्रिया पूरा गरेर अध्ययनका लागि जान आग्रह गरेको छ।

मन्त्रालयका प्रवक्ता एवं सहसचिव फणिन्द्रमणि पोखरेलले सोमबार एक विज्ञप्ति जारी गरी वैदेशिक अध्ययनका लागि जाने विद्यार्थी ठगिएको एवं अलपत्र परेको भन्ने सम्बन्धित देशका शैक्षिक संस्थाले निर्धारण गरेको प्रक्रिया पूरा गरेर मात्र अध्ययनमा जान आग्रह गर्नुभएको हो।

गृह मन्त्रालयले इजाजतपत्र नलिई अनधिकृतरूपमा सञ्चालन भएका शैक्षिक परामर्शदाता संस्था, अनधिकृतरूपमा इजाजत नलिई अनलाइनरूपमा विज्ञापन गर्ने शैक्षिक संस्था, अवैधरूपमा विदेशस्थित विभिन्न देशका शैक्षिक संस्थाका प्रतिनिधिका रूपमा कार्य गर्ने व्यक्तिउपर सरकारले निगरानी बढाएको बताएको छ।

प्रवक्ता पोखरेलले गैरकानुनीरूपमा काम गरेका व्यक्ति एवं संस्थामाथि नेपालमा भए जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालय र विदेशमा भए नेपाली कूटनीतिक नियोगमा जानकारी, सूचना वा उजुरी दिन आग्रहसमेत गर्नुभएको छ।

# सरकारले सीमा समस्या कूटनीतिक पहलबाट समाधान गर्छ

काठमाडौं, २५ माघ (रासस)। सरकारले आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन गर्ने भएको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले आगामी वैशाख ३० गते शुक्रबारका दिन एकै चरणमा देशभरका स्थानीय तहको निर्वाचन गर्ने निर्णय गरेको हो।

सोमबार बसेको मन्त्रीपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले निर्वाचन आयोगबाट प्राप्त परामर्श बमोजिम उक्त मितिमा सबै गाउँपालिका र नगरपालिकाको निर्वाचनको मिति घोषण गरिएको जानकारी दिनुभयो।

बैठकले लोकसेवा आयोग तथा बढुवा समितिको सिफारिस बमोजिम विभिन्न सेवा, समूहका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरुलाई सम्बन्धित सेवा, समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव पदमा बढुवा नियुक्ती तथा पदस्थापन गर्ने निर्णय गरेको छ।

त्यस्तै बैठकले धितोपत्र दर्ता तथा निष्काशन (पाँचौं संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने निर्णय गरेको छ। बैठकले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गरेको छ भने घरजग्गा कारोबारलाई व्यवस्थित गर्न डिजिटल प्रणालीमार्फत नापनक्सा तथा जग्गा प्रशासनसम्बन्धी सेवा प्रवाह निर्देशिका, २०७८ पनि स्वीकृत गरेको छ।

सरकारले मोरङको विराटनगर महानगरपालिका-१८ क्षेत्रलाई बर्ड फ्लु प्रभावित क्षेत्र घोषणा गरेको छ। बर्ड फ्लु नियन्त्रण गर्न विराटनगर महानगरपालिका- १८ को हिमालयन कृषि फार्मलाई केन्द्र विन्दु मानी बर्ड फ्लु रोग प्रभावित क्षेत्र घोषणा गरेको सञ्चारमन्त्री कार्कीले जानकारी दिनुभयो।

चिनियाँ पक्षले सीमा मिचेको भन्ने रिपोर्ट आएकोसम्बन्धी सञ्चारकर्मीको जिज्ञासामा सरकारका प्रवक्ता कार्कीले सीमा विवाद कूटनीतिक ढङ्गले समाधान गरिने विश्वास व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "रिपोर्टका भरमा नभई स्थलगत अध्ययनका आधारमा मात्रै सीमाको विवादको किनारा लगाउनुपर्छ। सीमा विवाद चाहे त्यो भारतको होस् वा चीनको, कूटनीतिक ढङ्गले समाधान गर्छौं। ती समस्याहरु आउनु हुन्न र आउन नदिन सरकार सदैव प्रयत्नशील रहन्छ।"

# थप एक हजार ९५७ मा कोरोना संक्रमण पुष्टि, ११ को मृत्यु

काठमाडौं, २५ माघ (रासस)। मुलुकभर पछिल्लो २४ घण्टामा थप एक हजार ९५७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। सोमबारको तुलनामा यो ३८७ जनाले बढी हो। सोमबार एक हजार ५७० जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको थियो।

पछिल्लो २४ घण्टामा १२ हजार ६९२ नमूनाको एन्टिजेन र पीसीआर विधिबाट परीक्षण गरिएको थियो। पीसीआर विधिबाट गरिएको आठ हजार ५८७ परीक्षणमा एक हजार १८४ र चार हजार १०५ एन्टिजेन विधिबाट गरिएको परीक्षणमा ७७३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा पाँच हजार १०३ जना कोरोना भाइरसबाट संक्रमणमुक्त भएका छन्। यससँगै संक्रमणमुक्त हुनेको संख्या नौ लाख २० हजार ५९२ पुगेको छ। नेपालमा निको हुने दर ९५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा नौ लाख ६८ हजार ६११ र एन्टिजेन विधिबाट परीक्षण गरिँदा एक लाख ३५ हजार ६०५ जना संक्रमित भएको मन्त्रालयले जनाएको छ। पीसीआर विधिबाट परीक्षण गर्नेको संख्या ५२ लाख ९१ हजार ९५९ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको संख्या नौ लाख ९९ हजार ४८१ पुगेको छ। मुलुकमा कुलमा संक्रमण दर १८ दशमलव तीन प्रतिशत रहेको छ।

कोभिड विरुद्धको खोप लगाउनेको संख्या पछिल्लो २४ घण्टामा दुई लाख ७३ हजार ३४९ रहेको छ। मुलुकभर हाल सक्रिय संक्रमितको संख्या ३६ हजार १८१ रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट ११ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

योसँगै कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या ११ हजार ८३८ पुगेको छ। कोरोना भाइरस संक्रमणबाट हुने मृत्युदर एक दशमलव तीन प्रतिशत रहेको छ। प्रति १० लाख जनसंख्यामा मृत्युदर ३८९ दशमलव सात रहेको मन्त्रालयले जनाएको छ।

हाल भेन्टेलेटरमा रहनेको संख्या ३८ र आइसियुमा २५६ जना रहेका छन्। त्यस्तै होम आइसोलेशनमा ३४ हजार ९८३, संस्थागत आइसोलेशनमा एक हजार १९८ र क्वारेन्टिनमा १३३ जना रहेका छन्। हाल ५०० भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा मोरङ, सुनसरी, झापा, धनुषा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, काभ्रेपलान्चोक, कास्की, बाँके, रुपन्देही र कैलाली रहेका छन्।

दुई सयभन्दा बढी उपचारार्थ संक्रमित रहेका जिल्लामा सिराहा, सप्तरी, पर्सा, बारा, महोत्तरी, सर्लाही, मकवानपुर, धादिङ, नुवाकोट, नवलपरासी पूर्व, स्याङजा, बाग्लुङ, तनहुँ, पाल्पा, बर्दिया, दाङ, र कञ्चनपुर छन्। हाल शून्य संक्रमित रहेको एक मात्र जिल्ला मनाङ रहेको जनाएको छ। उपत्यकाका तीन जिल्लामध्ये काठमाडौंमा आठ हजार ९४२, ललितपुर पाँच हजार २८३ र भक्तपुरमा दुई हजार ६०४ सक्रिय संक्रमित रहेको मन्त्रालयले जनाएको छ।

*सर्लाहीमा...*

छ। यस क्षेत्रमा लालगुलाब, कुफ्री सिन्दुरे, बिबिरे केतु र कोमल जातको आलु खेती गरिन्छ।

जिल्लाभर एक हजार ४०० हेक्टर क्षेत्रफलमा आलुखेती हुने जिल्ला कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहले जानकारी दिनुभयो। जिल्लामा उत्पादन भएको आलु मलङ्गवा, चपुर, वीरगन्ज र कलैयामा रहेको शीत भण्डारमा भण्डारनका लागि लैजानुपर्ने बाध्यता रहेको जिल्लाका किसानको गुनासो छ।

कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयका प्रमुख दीपक थापा मगरले जिल्लामा मल अभाव नरहेको बताउनुभयो।


चिसो मौसममा देखिने मुटुलगायत स्वास्थ्य समस्याबाट बचन

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np